दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ११४ | बुटवल | २०८२ बैशाख ०८, गते सोमबार | नेपाल संवत ११४५ | Monday Apr. 21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**यौन हिंसाबाट बचौं र बचाऔं ।**

-यौनजन्य हिंसा सामाजिक अपराध हो ।
-यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुन सक्छ ।
-अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं ।
-उनीहरुको चालचलन, बानी, व्यवहारमा अस्वाभाविक परिवर्तन आएको हुन सक्छ ।
-त्यस्तो पाइए तकाल उनीहरुसँग कुरा गरौं ।
-बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


# धुमधामले मनाइँयो जितगढी उत्सव

## जितगढी किल्लालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्ने लुम्बिनीका मुख्यमन्त्री आचार्यको भनाइ छ ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाल-अंग्रेजबिच बुटवलको जितगढीमा भएको युद्धमा नेपालले विजय हासिल गरेको दिनको खुशीयालीमा आइतबार जितगढी उत्सव मनाइएको छ । वि.सं. १८७१ देखि सुरु भएको नेपाल-अंग्रेज युद्ध १८७२ बैशाख ७ गते जितगढी किल्लामा कर्णेल उजिरसिंह थापा नेतृत्वको नेपाली फौजले जित हासिल गरेको खुसीयालीमा हरेक बैशाख ७ गते विजय उत्सव मनाउने गरिएको छ ।

जितगढी विजय उत्सवकै अवसर पारेर गत तीन वर्षदेखि नेपाली सेनाले गोरखा-जितगढी पैदलयात्रा समेत गर्दै आएको छ । उक्त पदयात्रा बैशाख ७ गते नै जितगढी आउने गरेको छ ।

ऐतिहासिक दरबार, गढी, किल्ला र पदमार्गको संरक्षण अभियानअन्तर्गत नेपाली सेनाले स्थानीय तहहरुसँगको सहकार्यमा गोरखादरबारदेखि जितगढीसम्मको पद यात्रा २०७९ सालदेखि सुरु गरेको थियो । गोरखाबाट हिँडेको टोली तनहुँ, स्याङ्जा, पाल्पा हुँदै आइतबार ऐतिहासिक जितगढी किल्लामा आइपुगेको हो ।

राष्ट्रिय झण्डासहित एकीकरणमा स्थापित श्रीनाथ, कालीबक्स, बर्दवाणी, सबुज, पुरानो गोरख र जितगढी लडाइँमा सहभागी गुरुबक्स गुल्म सहभागी छन् । पदयात्रामा गोरखाको रिपुमर्दन गण, तनहुँको रूरू भैरवदल गण, काली भञ्जन गण, राजदल गण, दि फेमस महिन्द्रदल गण र रुपन्देहीको तारादल गण पनि सहभागी भएका थिए ।

मूल समारोहअघि बुटवल उप-महानगरको प्रशासकीय भवन हाटबजारबाट पारी बुटवलको गणेश मन्दिर पुगेको झाँकीसहितको र्‍यालीले गोरखाबाट आएका नेपाली सेनाको टोलीलाई स्वागत गरेको थियो । त्यसपछि बुटवल-१ जितगढी किल्लामा जितगढी उत्सवको मुल समारोह भएको हो । गोरखाबाट बुटवलसम्म पदयात्रा गरी आइपुगेका सैनिक टोलीले थापाको ९ फिट उचाइको तामाको मूर्तिमा श्रद्धाञ्जली अर्पण गरेका छन् ।

**'अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रयास गरिन्छ'**

विजय उत्सव मूल समारोहलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जितगढी किल्लालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न प्रदेश सरकारले पहल लिने बताए । संघीय सरकारसँग समन्वय गरेर जितगढी किल्लालाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रयास गरिने उनले बताए ।

मुख्यमन्त्री आचार्यले कर्णेल उजिरसिंह थापालाई राष्ट्रिय सपुतका रूपमा नामाकरण गर्न पनि संघीय सरकारसँग पहल गरिने बताए । इतिहबाट धेरै कुरा बुझ्न र सिक्न आवश्यक रहेको उल्लेख गर्दै उनले वीर सपुतको त्याग र बलिदानीलाई कहिल्यै बिर्सन नहुने बताए ।

'नयाँ पुस्तालाई नेपाली वीरताको गाथा जानकारी गराउन जरुरी छ, इतिहासप्रति गर्व गर्ने वातावरण बनाउन आवश्यक छ,' मुख्यमन्त्रीले भने-'देश प्रेम र आत्मविश्वासकै कारण नेपाली फौजले अंग्रेज फौजलाई पराजित गर्न सफल भएको हो, उतिबेलाका योद्धाहरूले जोगाएको स्वाभिमानका कारण आज हामी यहाँ छौं ।'

त्यस्तै, मुख्यमन्त्री आचार्यले बुटवललाई आर्थिक राजधानी बनाउने प्रदेश सरकारको योजनालाई दृढताका साथ कार्यान्वयन गरिने बताए । स्थानीय सरकारसँग साझेदारी गर्दै बुटवलको उन्नति र समृद्धिका निम्ति बनाइएका योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिने उनले स्पष्ट पारे । मूल समारोहमा बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले जितगढी किल्लाको थप विकासका लागि प्रदेश र संघीय सरकारको साथ आवश्यक रहेको बताए । कार्यक्रममा गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानाले जितगढीको इतिहासलाई महत्व दिएर आफू यहाँ आएको जनाए ।

**१३ जना नेपाली सैनिकको शाहदात**

जितगढीमा अंग्रेज फौजसँगको युद्धमा नेतृत्व गर्ने कर्णेल उजिरसिंह थापासहित १३ जना नेपाली सैनिकहरूले शाहदात प्राप्त गरेका थिए । उनीहरुको जितगढीमा शालिक निर्माण गरिएको छ । जसमा कर्णेल उजिरसिंह थापा, लेफ्टिनेन्ट अम्बर अधिकारी, कुम्मेदान वृषसुर थापा, कृपासुर थापा, सरदार सूर्जे थापा, जमदार भीमसेन देउजा, सुरवीर बोहरा, हवलदार रणसुर बानियाँ, सिपाही हंसवीर अधिकारी, थरधर नकुल बानियाँ, दलखम्ब थापा, काजी वीरमञ्जन पाँडे, समशेर राना मगर र जुठे बस्नेत हुन् ।

जितगढी किल्लामा बुटवल उप-महानगरका पूर्व मेयर शिवराज सुवेदीको कार्यकालमा कर्णेल उजिरसिंह थापाको ९ फिट उचाइको पूर्णकदको तामाको शालिक निर्माण र ५५ फिटको टावरमा राष्ट्रिय झण्डा फहराइएको छ ।

**कसरी भएको थियो जितगढी युद्ध ?**

जनरल अक्टरलोनीको नेतृत्वमा पश्चिम नेपाल आक्रमण गर्ने, मेजर जनरल जिलेस्पीको नेतृत्वमा देहरादुन हुँदै गढवाल कब्जा गर्ने, जनरल उडको नेतृत्वमा पाल्पा-बुटवल हात पार्ने र जनरल मार्लेको नेतृत्वमा मकवानपुर कब्जा गर्ने गरी अंग्रेजले चार वटा सैनिक टोली पठाएको थियो ।

पाल्पा राज्य कब्जा गर्न गोरखपुरबाट जनरल सुलिभान उडको नेतृत्वमा अंग्रेज फौज नेपालतर्फ अघि बढेको थियो । अंग्रेज फौज जितगढी आइपुगेपछि नेपाली सेनासँग घमासान युद्ध भएको थियो । युद्धमा अंग्रेज टोलीले ठूलो क्षति बेहोरेर फिर्ता गएको थियो । जनरल उडकै नेतृत्वमा तीन महिनापछि फेरि उनीहरूले बुटवलमा आक्रमण गरेका थिए ।

आक्रमणबाट बुटवलमा रहेको सेनकालीन दरबार ध्वस्त भएको थियो ।

» बाँकी ३ पेजमा

# बेमौसमी वर्षाले इट्टा व्यवसायमा नोक्सान

**मोहम्मद हबिब**
*भैरहवा*

रुपन्देहीका अधिकांश उद्योगको काचो इट्टा बेमौसमी वर्षाले नष्ट हुँदा उद्योगीहरु निराश भएका छन् ।

जिल्लामा रहेको ५२ वटा उद्योगमध्ये २६ वटा सञ्चालनमा रहेका छन् । आर्थिक संकटको कारण सञ्चालित उद्योगको क्षमतामध्ये पनि ५० प्रतिशत उत्पादन गरिरहँदा समेत यो वर्षाले सञ्चालित उद्योगको २ करोड ५० लाख इट्टामा क्षति पुगेको लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ रुपन्देहीले जानकारी दिएको छ ।

क्षति पुगेको इट्टा पुनः कच्चा माटो नै हो । खुला आकाश मुनि सुकाउन राखिएको काँचो इट्टा नष्ट हुँदा उद्योगीले करिब ८ करोड रुपैयाँ नोक्सानी व्यहोर्नु परेको लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ रुपन्देहीका अध्यक्ष अजय कुमार गुप्ताले बताए ।

'अन्नबालीको खेती किसानी जस्तै इट्टा उद्योगको पनि जोखिम उस्तै हुन्छ, सुकाउने विकल्प छैन,' गुप्ताले भने -'४ महिनाको उत्पादनले वर्ष भरि बिक्री गर्नु पर्ने अवस्थामा आधामात्रै उत्पादन भएको उद्योगले अर्को वर्ष थप संकट उत्पन्न हुने देखिन्छ ।' आर्थिक संकट र नीतिगत कारणले सधैं मारमा परे पनि राज्यले संरक्षण गर्नुको साटो पलायन हुने वातावरण बनाइरहेको गुप्ताको भनाइ छ ।

मुख्य कच्चा पदार्थ माटो नै हो, तर उत्खननूका लागि रोक, पालिका पिच्छे कर र ढुवानीले उद्योगीहरु समस्यामा पर्ने गरेको गुप्ताले बताए । अहिले माटो संचित गर्ने समय हो, तर माटो पाउन मुस्किल भएकाले यसको असर अर्को वर्ष देखिने उनले जनाए । 'नेपाल इट्टामा आत्मनिर्भर छ, तर सरकारको विभिन्न नीतिगत कारणले र सहजीकरण नगर्दा उद्योगी मारमा पर्दै गएका छन् ।'-गुप्ताले भने ।

एउटा काचो इट्टा बनाउन करिब ३ रुपैयाँ खर्च लाग्ने र यो खुला आकाशमै सुकाउनुपर्ने भएकाले एक्कासी आउने वर्षाले नष्ट गर्ने गरेको छ । वर्षेनी उद्योगीहरुले यो समस्या झेल्दै आएका छन् । 'काचो इट्टाको बिमा गर्न उद्योगी तयार छन्, तर सरकार र बिमा कम्पनिले नीतिगत निर्णय गरेर बिमाको लागि सहज वातावरण बनाउन सकेको छैन,' अध्यक्ष गुप्ताले भने-'कच्चा पदार्थको मूल्य बढ्दा इट्टाको उत्पादनको लागत पनि स्वतः बढ्ने त्यसमाथि हरेक वर्ष लाखौंको इटा नोक्सानी हुँदा समेत इट्टाको बिक्री दर बढेको छैन ।'

सुकाएपछि राख्ने ठाउँ व्यवस्थित भए पनि काचो इट्टा सुकाउने खुला आकाशमुनि नै भएकोले लाखौं इट्टा वर्षाले नष्ट भएको पाठक इट्टा उद्योगका सञ्चालक डोलराज पाण्डे बताउँछन् ।

'पटक-पटकको पानीले ध्वस्तै बनाएको छ, पानी परेपछि २ पटक पम्पसेट लगाएर फिल्ड खाली गरियो, तर अकस्मातको वर्षाले काम गर्ने समस्या भयो, अहिलेको समय काचो ईटाले भरिभराउ हुनुपर्ने ठाउँमा सीमित जनशक्तिले सीमित मात्रामा उत्पादन गर्ने गरेकाछौं ।'-सञ्चालक पाण्डेले भने ।

» बाँकी ३ पेजमा

# रविको बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता



बुटवल । सहकारी ठगीको अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका रवि लामिछानेका तर्फबाट सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता भएको छ ।

रविलाई आफूलाई गैरकानुनी थुनामा राखेको दाबी गर्दै उनका तर्फबाट श्रीमती निकिता पौडेलले आइतबार निवेदन दर्ता गराएकी हुन् । उक्त निवेदनको प्रारम्भिक सुनुवाइका लागि सोमबार पेसी तोकिएको सर्वोच्च प्रशासनले जानकारी दिएको छ ।

यसअघि आफूलाई थुनामा पठाउने उच्च अदालत बुटवलको आदेशविरुद्ध उनले सर्वोच्च अदालतमा निवेदन दर्ता गराएका थिए । उक्त निवेदनमा सर्वोच्चले उच्च अदालत र जिल्ला अदालतबाट कागजात झिकाइसकेको छ ।

उच्चको आदेश बदर गरी थुनाबाहिर राख्न माग गरिएको निवेदनको टुंगो लाग्न समय लाग्ने देखिएपछि उनले बन्दी प्रत्यक्षीकरणको निवेदन पनि दिएका हुन् ।

बुटवलको सुप्रिम सहकारी ठगीसम्बन्धी मुद्दामा जिल्ला अदालत रुपन्देहीले रविलाई १ करोड धरौटीमा रिहा गरेको थियो । तर, उक्त आदेश उच्च अदालतले चैत २२ गते बदर गरेर थुनामै पठाउन भनेको थियो । आदेश आएको केही घण्टामै रवि काठमाडौँबाट पक्राउ परेका थिए । उनी हाल रुपन्देही कारागारमा छन् ।

यसअघि गत माघ १३ गते रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले रविलाई एक करोड धरौटीमा रिहा गर्न आदेश दिएको थियो । सोही मुद्दाका अभियुक्त छविलाल बन्जाडेलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो ।

सुप्रिम सहकारीमा रवि, छवि र जीबी राईसहित ४२ जनालाई प्रतिवादी बनाइएको छ । उनीहरूले सहकारीको ५५ करोड रुपैयाँभन्दा बढी रकम ठगी गरेको अभियोग छ ।

यसमध्ये रवि, छवि र जीबीले गोर्खा मिडिया प्रालि स्थापना गरी त्यस कम्पनीमार्फत् गैरकानुनी रूपमा १० करोड ९९ लाख ३६ हजार रकम परिचालन गरेको अभियोगपत्रमा उल्लेख छ । जीबी राई भने फरार छन् ।

थुनामा रहेका छविले पनि थुनामा राख्ने आदेश बदर माग गर्दै सर्वोच्चमा निवेदन दिएका थिए । उक्त निवेदनमाथि छ सुनुवाइ गर्दै सर्वोच्चले कैफियत प्रतिवेदन माग गरेको छ ।

मणिमुकुन्द कप रात्रिकालीन भलिबलको रौनक :

# पुलिस, गल्कोट र गुजरात विजयी



**लुम्बिनी संवाददाता**
*तिलोत्तमा*

मणिमुकुन्द भलिबल क्लब तिलोत्तमा रूपन्देहीले आयोजना गरेको १०औं मणिमुकुन्द कप पुरूष इन्डो नेपाल क्लब च्याम्पियनसिप रात्रिकालिन भलिबल प्रतियोगिताले भलिबल खेलप्रेमीहरुमाझ छुट्टै रौनक छाएको छ ।

यस क्षेत्रमै पहिलोपटक रात्रिकालीन भलिबल प्रतियोगिता भएकाले खेलप्रेमीहरुको चासो र उत्साह बेग्लै छ । दोस्रो दिनको खेलमा नेपाल पुलिस क्लबले गण्डकी प्रदेश भलिबल संघलाई ३-२ सेटले पराजित गरेको छ । उद्घाटन खेलमा आयोजक मणिमुकुन्द भलिबल क्लबलाई भलिबल एकेडेमी गुजराँतले पराजित गरेको थियो । पहिलो दिनको दोस्रो खेल कोशी प्रदेश भलिबल संघ र गल्कोट भलिबल क्लबबिच भएकोमा सोझो सेट (३-०) ले गल्कोट भलिबल क्लब बिजयी भएको छ । विदेशी खेलाडी ईरान र भारतका खेलाडी मैदान उतारेको गल्कोट भलिबलले कोशी प्रदेशलाई सहजै जितेको थियो ।

प्रतियोगितामा प्रथम हुनेले नगद रु ३ लाख ११ हजार एक सय ११ , दोस्रो हुने टिमले नगद २ लाख ११ हजार एक सय ११ रुपैयाँ , तेस्रो हुनेले १ लाख ११ हजार एक सय ११ रुपैयाँ तथा कप, मेडल र प्रमाणपत्र पाउने छन् । सान्त्वना हुनेटिमले ६६ हजार ६ सय ६६ रुपैयाँ तथा कप र प्रमाणपत्र हात पार्ने छन् । प्रतियोगितामा उत्कृष्ट खेलाडीले १५ हजार, बिधागततर्फ ६ जना खेलाडीहरूलाई नगद रु १० हजारका दरले नगद र मेडल, प्रमाणपत्रले पुरस्कृत गरिने खेल संयोजक सुरेन्द्र गुरूङले बताए ।

बैशाख १३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा पाकिस्तान, इरान र भारतका खेलाडीको सहभागिताले खेल रोमाञ्चक भइरहेको आयोजक क्लबका निवर्तमान अध्यष मिलन रानाले बताए । प्रतियोगिता सम्पन्न गर्न लाग्ने ठूलो खर्च देश विदेशमा रहेका खेलप्रेमी र उद्योगी व्यवसायीसँग चन्दा सहयोग मागेर गरिएको आयोजक क्लबका अध्यक्ष लोकेन्द्र भण्डारीले बताए ।




## सम्पादकीय

# संविधान कार्यान्वयनलाई प्राथमिकता देऊ

संविधान जारी भएको दसक नपुग्दै संविधानविरोधी गतिविधि बढेपछि प्रमुख तीन दलका नेता संविधान रक्षाका लागि एकमत भएका छन् । प्रमुख दलका शीर्ष नेताहरु प्रधानमन्त्री एंव एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालबिच शनिबार भएको भेटवार्ताले संविधानको रक्षाका लागि एकभई अघि बढ्ने सहमति गर्नु सकारात्मक छ ।

मुलुकमा अहिले संविधान विरोधी गतिविधि बढेका छन् । लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने गरी भइरहेका गतिविधिलाई निस्तेज गर्न प्रमुख दल एकमत हुनु स्वाभाविक छ । कोभिड महामारीपछि अर्थतन्त्रमा आएको मन्दीले अवसर खुम्चिदा बढेको निराशाको असर व्यवस्थामाथि परेको छ । यहि निराश जनमतलाई प्रयोग गरेर राजतन्त्र पुनर्स्थापनाको लागि आन्दोलन भइरहेको छ । यो आन्दोलनको उद्देश्य मूलतः यो संविधानलाई समाप्त पार्नु हो । यो संविधान समाप्त हुनु भनेको संघीयता, धर्म निरपेक्षता, समावेशीता र गणतन्त्र समाप्त हुनु हो । शासन प्रणालीलाई व्यवस्थित बनाउने काम शासकले हो । शासकका कमजोरी भए पाँच वर्षमा फेर्न पाइने लोकतान्त्रिक विधिलाई संविधानले स्थापित गरेको छ । व्यवस्थामा सुधार गरी उन्नत बनाउने हो, व्यवस्थालाई समाप्त गर्ने हर्कत कुनै हालतमा क्षम्य हुँदैन ।

त्यसो त यो संविधान बनेपछि संविधान कार्यान्वयनका लागि सरकारको पहलकदमी प्रभावकारी हुन सकेन । सरकारको नेतृत्वमा अहिलेका शीर्ष नेताहरु पुगे । संघीय शासन प्रणालीअनुसार कानुन नबन्दा प्रणाली व्यवस्थित हुन सकेको छैन । संविधान कार्यान्वयनसँग सम्बन्धित कानुन बनाउन प्राथमिकता नदिएकैले व्यवस्थालाई संस्थागत गर्न अप्ठ्यारो भयो । संविधानमा लिपिबद्ध विषयलाई कार्यान्वयनको बाटो खोल्ने कानुनले हो । संघीय निजामति ऐन नबन्दा कर्मचारी प्रशासन लयमा हिंड्न सकेको छैन । प्रहरी ऐन नबन्दा प्रदेशमा प्रहरी समायोजनको बाटो खुलेको छैन । प्रदेशको शान्ति सुरक्षाको जिम्मेवारी संविधानले प्रदेश सरकारलाई दिएको छ । राजनैतिक नेतृत्व स्थापित भएर मात्रै व्यवस्था संस्थागत हुने होइन । राजनैतिक नेतृत्वले काम गर्नका लागि ऐन आवश्यक पर्छ । ऐनको अभावमा राजनैतिक नेतृत्वले व्यवस्थालाई बलियो बनाउने गरी काम गर्न पाइरहेको छैन । विकासको प्रतिफल दिने गरी काम हुन सकिरहेको छैन ।

राजनैतिक दल र व्यवस्थाप्रति नागरिकको आक्रोश होइन, आक्रोश विधि र थिति बसाल्नका लागि भएका कमजोरीप्रति हो । सुशासन र रोजगारीलाई प्राथमिकता दिँदा र उत्पादन बढाउन सक्दा निराश नागरिकको आक्रोशलाई मत्थर पार्न संभव छ । आगामी आर्थिक वर्षको बजेट बनाउने तयारी गरिरहेको सरकारले निराशालाई चिर्ने गरी बजेट ल्याउन सक्दा आशा जगाउन सक्छ ।

# व्यवस्था परिवर्तन कि नेतृत्वको रूपान्तरण ?



मेघराज शंकर

अवसरको तुलनामा अहिलेको विकास पर्याप्त छैन, जसले गर्दा नागरिकमा असन्तुष्टि पैदा भएको छ । व्यवस्थाकै विकल्प खोज्नेसम्मको चर्चा हुने गरेको छ । कैयौँ दशकसम्म व्यवस्था परिवर्तनका लागि समय खर्चिएका नेपाली जनताले हाल आएर पनि पुरानै व्यवस्थाको पुनरावृत्त गर्न खोज्नु केवल अवनतिको यात्रा तय गर्नु हो । राजनीतिक व्यवस्थाको परिवर्तनभन्दा पनि नेतृत्वको रूपान्तरण र पुस्तान्तरण अहिलेको आवश्यकता हो । यसतर्फ दल र तिनका नेतृत्वको ध्यान जान जति ढिलो हुन्छ, त्यति नै व्यवस्थामाथि प्रश्न उठ्दै जानेछ ।

राजनीतिक व्यवस्थाले राज्य सञ्चालनको मार्गदर्शन गर्छ । राज्यले नागरिकप्रति गर्ने व्यवहार र सरकारप्रति नागरिकको आस्था, विश्वास र समर्थन कस्तो छ भन्नेले राजनीतिक व्यवस्थाको चरित्र निर्धारण गर्छ । सिद्धान्ततः लोकतान्त्रिक व्यवस्थालाई उत्तम राजनीतिक व्यवस्था मानिन्छ । बदलिँदो परिस्थितिसँगै नागरिकका इच्छा र आवश्यकताको सम्बोधन गर्न सकिएन भने लोकतान्त्रिक व्यवस्थाको विकल्पमा पनि आजाज उठ्ने गर्छ । नेपालमा हिजोआज विभिन्न माध्यमबाट हुने गरेको नागरिकको आक्रोश र राजनीतिक चर्चाले व्यवस्थाको परिवर्तन कि नेतृत्वको रूपान्तरण भन्ने बहस उत्पन्न गरेको छ ।

नेपाली जनताले स्वतन्त्रता, सुख र समृद्धिका खातिर व्यवस्था परिवर्तनका लागि २००७ सालदेखि पटक-पटक संघर्ष गरेको इतिहास छ । यस अवधिमा नेपालमा विभिन्न राजनीतिक व्यवस्थाको अभ्याससमेत हुँदै आएको छ । २००७ देखि २०१६ सम्मको प्रजातान्त्रिक व्यवस्था, २०१७ देखि २०४६ सम्मको पञ्चायती व्यवस्था र २०४७ देखि २०६३ सम्मको संवैधानिक राजतन्त्रसहितको प्रजातान्त्रिक व्यवस्थाको अभ्यास भयो । यसै क्रममा अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था कार्यान्वयनमा छ । भौतिक संरचनाको विकास, रोजगारी सिर्जना, नागरिक अधिकार, लोककल्याणकारी कार्यक्रमका हिसाबले नेपालमा हालसम्म अभ्यास भएका सबै राजनीतिक व्यवस्थाका आ-आफ्नै गुण र दोष छन्, जसका आधारमा निरपेक्ष रूपमा कुनै पनि व्यवस्थालाई खराब र असलका रूपमा चित्रण गर्ने अवस्था छैन । तर, नेपाल र नेपाली जनताको दुर्भाग्य नै मान्नुपर्ला, कुनै पनि व्यवस्थामा सो व्यवस्थाबमोजिम गर्न सकिने विकासका काम पूर्ण रूपले भएनन् ।

खराब व्यवस्थाका रूपमा निरंकुश पञ्चायती व्यवस्थालाई लिने गरिन्छ । तर, आधुनिक भौतिक पूर्वाधारको विकास र रोजगारी सिर्जना राजतन्त्रमा पनि सम्भव हुन्छ भन्ने राजाले नै शासन गरेका देशहरू कतार, साउदी अरब, ब्रुनाई, संवैधानिक राजा भएका जापान, बेलायत, नर्वे, थाइल्यान्डलगायत देशको अभ्यासले देखाइसकेको छ । उन्नत भौतिक विकास र सीमित कल्याणकारी काम गरेका कारण अझैँ पनि विश्वका कतिपय देशमा राजतन्त्र सक्रिय छ । नेपालमा निरंकुश राजतन्त्रात्मक व्यवस्थामा राजनीतिक अधिकार र नागरिक स्वतन्त्रताको परिकल्पना गर्न सकिँदैनथ्यो, तर भौतिक विकास गर्ने राम्रो अवसर थियो । अहिलेजस्तो वातावरण अधिकार, मानवअधिकारलगायत विश्व शासनका मान्यता परिपालन गर्नुपर्ने अवस्था थिएन । सरकारको आदेशलाई डरत्रासले भए पनि नागरिकले पूर्णपालना गर्ने अवस्था थियो । राजाप्रति नागरिकको आस्था र विश्वास थियो । अर्कातर्फ, विश्वमा समाजवादी र पुँजीवादी देशबिच प्रतिस्पर्धा चलिरहेको थियो । तत्कालीन समाजवादी देशहरू चीन, सोभियत संघलगायतले नेपालमा सहयोग बढाइरहेको र अन्य पुँजीवादी देशले पनि विकास सहायता प्रदान गरिरहेको अवस्था थियो । तत्कालीन भूराजनीतिको फाइदा उठाएर नेपालको आन्तरिक प्रचुर सम्भावनाको उपयोग गर्दै भौतिक पूर्वाधारको तीव्र विकास गर्न सकिन्थ्यो । जसका माध्यमबाट मुलुकमा रोजगारी र उद्यमशीलता प्रवर्धन गर्न सम्भव थियो । विकासका केही प्रयास पनि भए तर दिगो र फलदायी हुन सकेनन् । राजतन्त्रात्मक शासनमा मिश्रित अर्थव्यवस्था अवलम्बन गरी सार्वजनिक संस्थान स्थापना भए, २०४६ सम्ममा चौँसठ्ठीवटा सार्वजनिक संस्थान थिए । राजा महेन्द्रका पालामा भएको पूर्व-पश्चिम राजमार्ग निर्माण, पर्याप्त जग्गा छुट्याएर विश्वविद्यालयको स्थापना, सीमा क्षेत्रमा एकीकृत बस्ती विकासलगायत एकाध परिणाममुखी विकास संरचनाबाहेक खासै प्रगति हुन सकेन । राजा महेन्द्रको देहावसानपछि त्यस्तो विकास अवधारणाको पनि करिब-करिब अन्त्य भयो ।

राजतन्त्रकै पालामा पनि राजदरबारका नाकैमा रहेका सुन्दर नदीहरूलाई सफा बनाएर पानीको उपयोग गर्न, पछिसम्मलाई हुने चौँडा सडक, पुलपुलेसाको निर्माण, फोहोर व्यवस्थापनका लागि भौतिक संरचनाको विकास गर्न सकिन्थ्यो, तर त्यसो गरिएन । त्यतिबेला दिगो विकासको सोचले काठमाडौंलगायत सहरी क्षेत्रमा भौतिक संरचना विकास भएको भए सायद अहिले यस्तो सकस पर्ने थिएन । शिक्षा र स्वास्थ्य क्षेत्रका लागि चाहिने आधुनिक पर्याप्त भौतिक संरचना निर्माणमा ध्यान दिइएन । कृषि क्षेत्रमा गरिएका स्याउ र चियाखेतीजस्ता नगदे बालीमा गरिएको सकारात्मक प्रयासलाई दिगो बनाउनेभन्दा पनि दरबारको निगाहका रूपमा मात्र सीमित गरियो । तराई क्षेत्रमा कृषिका लागि ठुल्ठुला नहर बनाउनेतर्फ प्रयास भएको भए मुलुकले कृषि विकासमा निकै प्रगति गरेको हुने थियो । विकासका दृष्टिले हेर्दा राजा महेन्द्रको शासनपछि पञ्चायती राजतन्त्रात्मक व्यवस्था करिब निदाएकै अवस्थामा रह्यो । समग्रमा भन्नुपर्दा राजतन्त्रमा राजा विकासप्रति प्रतिबद्ध देखिएनन् । विकास गरेर जनताको मन जित्नेभन्दा पनि शक्ति देखाएरै जनआस्था बटुल्ने लालचले न राजतन्त्रको चरित्रअनुकूलको भौतिक विकास नै भयो, न त राजतन्त्र नै रह्यो । आफ्नो चरित्रअनुकूल मुलुकको विकास गर्न नसक्नेहरू अन्ततः बिलाएरै जान्छन् भन्ने प्रमाणित इतिहास पनि हो यो ।

राजतन्त्रात्मक व्यवस्थाको अन्त्यश्चात् मुलुकमा आफूलाई उदार लोकतन्त्रवादी तथा पुँजीवादी मान्ने प्रजातान्त्रिक पार्टी र आफूकलाई समाजवादी तथा साम्यवादी ठान्ने पार्टीले सरकारको नेतृत्व गरे । प्रजातान्त्रिक पार्टीले उदार लोकतान्त्रिक पुँजीवादी व्यवस्था पूर्ण लागू गर्न सकेको भए मुलुकमा ठुल्ठुला निजी कम्पनीको विकास हुनुपर्ने थियो । निजी क्षेत्रमार्फत बृहत् रोजगारी सिर्जना भई मुलुकको जनशक्ति नेपालमै अडिन सक्ने वातावरण बन्नुपर्ने हो । उत्पादनमा आधारित मूल्य, गुणस्तर र नवप्रवर्तनमा प्रतिस्पर्धा भई विश्वबजारमा नेपालको पहुँच दर्बिलो हुनुपर्ने हो । सरकारले बाटो, पुल, विद्युत्, पानी, शिक्षा आदि जस्ता आधारभूत पूर्वाधार निर्माण गरी निजी क्षेत्रलाई सहयोग पुऱ्याउने र निजी क्षेत्रबाट हुन सक्ने एकाधिकार, कालोबजारी र पर्यावरणीय क्षतिजस्ता विषय नियमन गर्न सक्नुपर्थ्यो । गरिब तथा असहायका लागि सामाजिक सुरक्षाका कार्यक्रममार्फत् सन्तुलित उच्च आर्थिक वृद्धि र विकास गर्नुपर्ने हो । सरकार र निजी क्षेत्रको साझेदारीमा ठुला पूर्वाधार र सेवा क्षेत्रको विस्तार र विकास गर्न सकिन्थ्यो । तर, त्यसरी विकास भएन ।

प्रजातान्त्रिक पार्टी सरकारमा भएको अवस्थामा सरकारी संस्थानलाई निजीकरण र उदारीकरण गर्ने, निजी क्षेत्रमैत्री कानुन निर्माण गर्ने, पुँजी प्रवाह बढाउन व्यापारिक सम्झौता गर्ने, विदेशी लगानी प्रोत्साहित गर्नेजस्ता कार्य आंशिक रूपमा भए । जसका कारण ग्रामीण तहसम्म निजी क्षेत्रको विस्तार भयो । बैंक तथा वित्तीय क्षेत्र र सूचना प्रविधि क्षेत्रको विस्तार र सेवाको स्तर अनुभूति हुने गरी विकास भयो । निजी विद्यालय र अस्पताल तथा चिकित्सा सेवा क्षेत्रको उपस्थिति उल्लेख्य रह्यो । तर, उत्पादनमा आधारितभन्दा दलाल पुँजीवादमा आधारित अर्थ व्यवस्थालाई प्रोत्साहन गरिएका कारण मुलुकको आर्थिक वृद्धि र विकास धिमा गतिमा रहन पुग्यो । निजीकरण भएका अधिकांश सरकारी संस्थान पनि टाट पल्टिए । निजी क्षेत्रलाई स्वच्छ, प्रतिस्पर्धी र सक्षम बनाउनेभन्दा पनि निहित स्वार्थमा उपयोग गर्ने गरिएका कारण सो क्षेत्र पनि सक्षम बन्न सकेन, जसले गर्दा मुलुकको उत्पादन, रोजगारी र आर्थिक वृद्धिको अवस्था कमजोर रहन पुग्यो । सैद्धान्तिक रूपमा आफूलाई समाजवादी व्यवस्थाको पक्षधर ठान्ने पार्टीले सरकार चलाएको अवस्थामा समाजवादी विशेषताअनुरूपका आर्थिक तथा सामाजिक कार्यक्रम पूर्णरूपले लागू भएनन् । त्यस्तो विशेषतायुक्त शासन सञ्चालन हुन्थ्यो भने उत्पादनका सम्पूर्ण साधनमा सामूहिक स्वामित्व कायम हुन्थ्यो, खासगरी गरिब र धनीबिचको असमानता अन्त्य गरी आर्थिक, सामाजिक र राजनीतिक समानता स्थापित हुनुपर्थ्यो, अस्वच्छ प्रतिस्पर्धा नियन्त्रण गरिनुपर्थ्यो, विकास र सेवा प्रवाहमा सरकारको भूमिका सशक्त बनाउन सक्नुपर्थ्यो, सबै नागरिकलाई क्षमता तथा आवश्यकताअनुसार काम र कामअनुसारको ज्याला सुनिश्चित गर्दै अधिकतम रूपमा सामाजिक सुरक्षा तथा कल्याणका कार्यक्रम अवलम्बन गरिनुपर्थ्यो । सरकारको अग्रसरतामा ठुला भौतिक पूर्वाधार आयोजना सञ्चालन गरी उन्नत भौतिक विकास गर्न सक्नुपर्थ्यो । सरकारी स्वामित्वमा ठुला औद्योगिक प्रतिष्ठानको विकास गर्न सक्नुपर्थ्यो । तर, नेपालमा समाजवादी पार्टीहरू त्यसरी शासन सञ्चालन गर्न असमर्थ रहे ।

यसको अर्थ केही भएन भन्ने अवश्यै होइन । वृद्धभत्ताको सुरुवात गरी सामाजिक सुरक्षा भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षाको थालनी गर्ने, समावेशीकरण व्यवस्था लागू गर्ने, विपन्न तथा सीमान्तकृत समुदाय लक्षित केही कार्यक्रम सञ्चालन गर्ने, सहकारी संस्थाको विस्तार गर्ने तथा केही भौतिक संरचना निर्माण गर्नेलगायत सीमित सुधारवादी कार्यक्रम लागू गर्ने प्रयास भए । तर, यथार्थमा समाजवादी व्यवस्थाबमोजिम विकास हुन सकेन । यसरी हेर्दा मुलुकमा न निरंकुश राजतन्त्रात्मक व्यवस्थाबाट भौतिक विकासले गति लिन सक्यो, न त लोकतान्त्रिक व्यवस्थाअनुरूप शासन गर्ने पुँजीवादी र समाजवादी शक्तिबाटै बृहत् विकास हुन सक्यो । सायद राजतन्त्रभित्र आधुनिक भौतिक पूर्वाधारको विकास भएको भए, लोकतन्त्रमा पूँजीवाद वा समाजवादी शासन पूर्ण रूपले लागू भएको भए कुनै न कुनै रूपले नेपालले विकासको फड्को पक्कै मार्ने थियो । तर, कुनै पनि शासन प्रणालीको इमानदार कार्यान्वयन भएन । शासन प्रणालीको चरित्रअनुरूप विकास हुन नसक्नु भनेको शासन प्रणालीको दोष होइन, शासन सञ्चालन गर्ने नेतृत्वको अक्षमता हो ।

हुन त मुलुकमा विगतमा भन्दा अहिले विकासको अवस्था राम्रो छ । तर, आधुनिक विकासको अवधारणा, नागरिकको इच्छा र आवश्यकता तथा विश्वस्तरमा भएको विकास र अवसरको तुलनामा अहिलेको विकास पर्याप्त छैन, जसले गर्दा नागरिकमा असन्तुष्टि पैदा भएको छ । व्यवस्थाकै विकल्प खोज्नेसम्मको चर्चा हुने गरेको छ । कैयौँ दशकसम्म व्यवस्था परिवर्तनका लागि समय खर्चिएका नेपाली जनताले हाल आएर पनि पुरानै व्यवस्थाको पुनरावृत्त गर्न खोज्नु केवल अवनतिको यात्रा तय गर्नु हो । राजनीतिक व्यवस्थाको परिवर्तनभन्दा पनि नेतृत्वको रूपान्तरण र पुस्तान्तरण अहिलेको आवश्यकता हो । यसतर्फ दल र तिनका नेतृत्वको ध्यान जान जति ढिलो हुन्छ, त्यति नै व्यवस्थामाथि प्रश्न उठ्दै जानेछ । (नयाँ पत्रिकाबाट)

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आइतबार दोहोरो अङ्कले घटेको छ । परिसूचक १६ दशमलव ६८ अङ्कले घटेर दुई हजार ७०६ दशमलव ०४ को विन्दुमा कायम भएको हो ।

तीन सय २८ कम्पनीको दुई करोड १३ लाख २३ हजार नौ सय ६७ कित्ता शेयर ७४ हजार ४५ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ४३ करोड ३५ लाख ८९ हजार सात सय ८५ बराबरको कारोबार भएको छ ।

कारोबारमा उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ५२ र व्यापार समूह एक दशमलव ०२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ७०, विकास बैंक शून्य दशमलव ७९, वित्त एक दशमलव २७, होटल तथा पर्यटन एक दशमलव ३६, जलविद्युत् एक दशमलव २२ र लगानी समूह शून्य दशमलव ०६ प्रतिशतले घटेको छ ।

त्यस्तै, जीवन बिमा शून्य दशमलव ८७, लघुवित्त शून्य दशमलव ५४, म्युचुअल फन्ड शून्य दशमलव २३, निर्जीवन बिमा शून्य दशमलव २२ र अन्य समूह एक दशमलव ०३ प्रतिशतले घटेको छ ।

कारोबारमा सबैभन्दा धेरै नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा हिमालयन पावर पार्टनर लिमिटेडको शेयर मूल्य सात दशमलव ३३ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै राधी विद्युत् कम्पनी लिमिटेडको रु ६८ करोड ७६ लाख ९७ हजार तीन सय ६८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने बलेफी हाइड्रोपावर लिमिटेडको सबैभन्दा धेरै २४ लाख ८३ हजार सात सय ६३ कित्ता शेयर किनबेच भएको छ ।

# आयुर्वेदबाट कसरी निको हुन्छ ‘ग्याष्ट्रिक’को समस्या ?



डा.रक्षा भट्टराई

ग्याष्ट्रिक भनेर आम नागरिकले चिन्ने ग्याष्ट्राइटिसको समस्या अहिले घर-घरमा छ । एक हिसाबले भन्ने हो भने यो हाम्रो राष्ट्रिय रोग नै हुन लागि सक्यो । ग्याष्ट्रिकलाई चिकित्सकीय भाषामा ग्याष्ट्राइटिस भनिन्छ । पेटको भित्तामा रहेको म्युकोजा एसिडबाट रक्षा गर्ने एक झिल्ली हुन्छ । जुन झिल्लीमा क्षति भएर अनेकौ लक्षणहरु उत्पन्न गराउने रोग हो ।

ग्याष्ट्रिक अस्वस्थ खानपान, अनियमित दिनचर्या र पाचनमा हुने कमजोरीका कारण हुन्छ । यसका विभिन्न लक्षणहरु हुन्छन् :

- माथिल्लो पेटमा ग्याँस भरिएको जस्तो हुने
- खाना खाइसकेपछि अपच हुने
- वाकवाकी तथा बान्ता हुने
- ग्याष्ट्रिक पुरानो भए रगतसहितको वान्ता हुने आदि ।

अत्यधिक मदिरा पिउने तथा सूर्तिजन्य पदार्थको सेवन गर्ने व्यक्तिमा पनि ग्याष्ट्रिकको समस्या हुन्छ । दुखाई कम गर्ने औषधिहरुको सेवनले पनि ग्याष्ट्रिक निम्त्याउँछ । पाचन प्रणालीमा ब्याक्टेरियल संक्रमण हुँदा पनि ग्याष्ट्रिक देखिन्छ । ९० प्रतिशत कारकमा एच पाइलोरी जिवाणुका कारण पनि भइरहेको देखिन्छ । अटोइम्युन डिजिज अर्थात् कही अवस्थामा शरीरको प्रतिरक्षा प्रणालीले आफ्नै पेटको भित्तालाई क्षति पुऱ्याउँदा पनि ग्याष्ट्रिक विकसित भइरहेको हुन्छ ।

आयुर्वेदमा हामी ग्याष्ट्रिकलाई उर्ध्वग अम्लपित्त भनेर चिन्छौं । यो प्रायः पित्त दोष विकृत भएर उत्पन्न भइरहेको देखिन्छ । लामो समयसम्म खाली पेट बस्नु, खाएको खाना नपचिकन अर्को खाना खाँदा, धेरै खाँदा, खाएको खानेकुराको समायोजन नमिल्दा पनि पाचन प्रणालीमा समस्या आउँछ ।

यी समस्यालाई हामीले घरमै पनि केही हदसम्म नियन्त्रण गर्न सक्छौं । बिहान एलोभेरा अर्थात् ध्यूकुमारी, गुर्जोको जुस पिउन सकिन्छ । धनियाँको दानालाई रातभरी भिजाएर बिहान त्यसको पानी पिउँदा पनि ग्याष्ट्रिकको केही लक्षणमा सुधार ल्याउन सकिन्छ । ग्याष्ट्रिकलाई स्थायी रुपमा आयुर्वेदको माध्यमबाट निको पार्न सकिन्छ ।

आयुर्वेदमा ग्याष्ट्रिकको कारण पित्त दोषको असन्तुलन भएकाले पनि यसलाई सन्तुलन पार्ने खालको उपचार गरिन्छ । सही आहार, जीवनशैलीमा सुधार र औषधीय जडीबुडीहरु, पञ्चकर्म जस्ता विधिहरुले आयुर्वेदलाई जरैदेखि हटाउन पनि सक्छ ।

स्वास्थ्य खबरबाट

# १ सय ३९ बालबालिका कडा कुपोषित

नवलपरासी । पश्चिम नवलपरासीका सात स्थानीय तहमा कडा सिघ्र कुपोषणको संख्या १ सय ४१ र मध्यम सिघ्र कुपोषण बालबालिकाको संख्या ११ हजार ३ सय ३ जना रहेको एक तथ्याङ्कले देखाएको छ। जसमा २ जना प्रतापपुर गाउँपालिकाको जगन्न्थ स्वास्थ्य केन्द्रअन्तरगत उपचारमा रहेका छन्। कुल २२ हजार ९ सय १४ जना ६ महिना देखि ५९ महिनासम्मका बालबालिकाको पोषण अवस्था लेखाजोखा गर्दा उक्त तथ्याङ्क देखाएको हो ।

बेस नेपाल र रहेलकेलर इन्टरनेर्सनल नामक गैर सरकारी सस्थाले गरेको सर्वेले उक्त तथ्याङ्क देखाएको हो । पाल्हीनन्दन गाउँपालिकामा २६ सय ८० बालबालिकाको पोषण अवस्था जाँच गर्दा १ सय ८३ मध्यम र २३ जना बालबालिका कडा कुपोषणसीत रहेका छन् ।

प्रतापपुर गाउँपालिकामा २७ सय ८६ बालबालिकाको पोषण अवस्था लेखाजोखा गर्दा १ सय ४६ मध्यम र १३ जना कडा कुपोषित बालबालिका रहेका छन् । सरावल गाउँपालिकामा २७ सय ९५ जना बालबालिकाको चेकजाँच गर्दा १ सय ६८ मध्यम र १३ जना कडा कुपोषित बालबालिकाका रहेका छन् ।

सुस्ता गाउँपालिकामा २७ सय ८ जना बालबालिकाको पोषण अवस्था लेखाजोखा गर्दा १ सय ५२ जना मध्यम र २७ जना कडा कुपोषित बालबालिका रहेका छन् ।

त्यस्तै बर्दघाट नगरपालिकामा ४२ सय ८० जना बालबालिकाको पोषण अवस्था लेखाजोखा गर्दा १ सय ५९ जना बालबालिका मध्यम र २६ जना कडा कुपोषित बालबालिका रहेका छन् ।

सुनवल नगरपालिकामा ३७ सय ९० जना बालबालिकामा कुपोषित लेखा जोखा गर्दा १ सय २४ जना मध्यम र ४ जना कडा कुपोषित बालबालिका रहेको देखिएका छन् । रामग्राम नगरपालिकामा ३८ सय ७१ बालबालिकाको कुपोष लेखा जोखा गर्दा १ सय ७१ मध्यम र २४ जना बालबालिका कडा कुपोषित देखिएका छन् ।

पोषणमार्फत जीवन रुपान्तणर जिल्लास्तरीय परियोजना सल्लाहकार समितिको सम्युक्त अनुगमन कार्यक्रमपछि भएको समीक्षा कार्यक्रममा उक्त जानकारी दिइएको हो ।

वेस नेपालका कार्यक्रम संयोजक शालिकराम पोखरेलका अनुसार गत मंसिरदेखि चैत्र मसान्तसम्म चलेको अभियानमा नवलपरासी पश्चिममा ६ देखि ५९ महिनाका बालबालिकाको पोषण अवस्था लेखाजोखा गर्दा नवलपरासी पश्चिममा १० हजार ८ सय ८६ बालिका र हजार १२ हजार २८ जना बालकको अभियानमा लेखा गरिएको थियो ।

५ सय ९५ जना बालबालिका उपचारपछि सन्चो भएर फर्केका छन् भने २ जना प्रतापपुरको जगन्नाथ स्वास्थ्य केन्दैअन्तरगत उपचारमा रहेका छन् ।

उक्त कार्यक्रम १४ देशमा लागू भएको छ भने लुम्बिनी प्रदेशका ४ जिल्लाका ४३ पालिकामा कार्यक्रम लागू भएको छ ।

---

**धुमधामले...**

दरबार ध्वस्त भए पनि किल्लाभित्र लुकेर रहेका नेपाली सेनाले अंग्रेजहरूमाथि आक्रमण गरेर अंग्रेजहरूलाई पराजित गरेको इतिहास छ।

बुटवल गढी कब्जा गरी तत्कालीन पाल्पा राज्य हान्ने र तिब्बतसम्म पुग्ने उद्देश्यका साथ अंग्रेज गभर्नर लर्ड हेस्टिङ्सको निर्देशनमा मेजर जेनेरल उड र कमाण्डर क्रोकरको नेतृत्वको अंग्रेज फौजलाई नेपाली सेनाले पराजित गरेको इतिहासमा उल्लेख छ । अंग्रेजहरूले नेपाललाई आफ्नो उपनिवेश बनाउन र तिब्बतसम्मको व्यापारिक मार्ग कब्जा गर्न गोरखपुरबाट आक्रमण गरेका थिए । बुटवलको जितगढीमा उड र कमाण्डर क्रोकरको नेतृत्वमा अंग्रेज सेना जिगगढी नजिक आए पनि कर्णेल उजिरसिंह थापाको नेतृत्वमा नेपाली सेनाले उनीहरूलाई अघि बढ्न दिएनन् ।

पुस १८७१ मा भएको पहिलो आक्रमणमा बुटवल आइपुगेको अंग्रेज फौजलाई नेपाली सेनाले गोरखपुरसम्म लखेटेर पछि हट्न बाध्य बनाएको थियो । १८७२ बैशाखमा उड नेतृत्वकै अंग्रेज फौजले दोस्रो आक्रमण गर्दा पाल्पाको शीतकालीन दरबार ध्वस्त भए पनि किल्लाभित्र लुकेका नेपाली सेनाले सुरुङबाट आक्रमण गर्दा तीन सय भन्दा बढी अंग्रेज सैनिकको मृत्यु भएको इतिहासमा उल्लेख छ । ठूलो संख्यामा आफ्ना सैनिक मारिएपछि अंग्रेज सेना पराजित भएर भाग्न बाध्य भएपछि उक्त गढीको नाम जितगढी रहन गएको बुटवलका इतिहासका जानकार देबेन्द्रराज शाक्य बताउँछन् ।

**कस्तो छ जितगढी ?**

१६औं शताब्दीमा सेन राजाहरूले निर्माण गरेको पाँच सय वर्गफिट इलाकामा फैलिएको जितगढीको पूर्वपश्चिम लम्बाई २ सय ५ फिट र चौडाइ करिब ५५ फिट छ । गढीको जग फराकिलो भने गारो (पर्खाल) क्रमशः माथितिर साँगुरो हुँदै गएको छ।

गढीको भित्री भागबाट पर्खालको उचाइ ४ फुट ३ इन्च र १० इन्च चौडा रहेको भित्ताको मोटाई ८ फुट ४ इन्च रहेको र गढीको भित्री भाग खुल्ला रहेको छ । करिब बाह्र लाखदेखि पन्ध्र लाख इट्टा प्रयोग भएका र इट्टाहरूका कोही १० इन्च वर्गाकारका तथा केही इट्टाहरूको लम्बाई चौडाइ क्रमशः ८ इन्च बाई ६ इन्च, ६ इन्च वाई २ इन्च रहेको छ। गढीको निर्माण शैली भने अन्य प्राचीन गढीहरु जस्तै छ। गढीको वरिपरि विपक्षी फौजलाई नियाल्न विभिन्न चर (प्वाल) हरू बनाइएको छ।

२०५२ सालमा पुरातत्व विभागले उत्खनन् गरेपछि रणउजिरेश्वरी भगवती मन्दिर, सुरुङ मार्ग र युद्धका अवशेष पाइएका थिए । हाल बुटवल उप-महानगरपालिकाले युद्ध संग्रहालय र पुरातात्विक पार्क निर्माण गरी पर्यटकीय स्थलका रुपमा विकास गरिरहेको छ । तर यसको पूर्ण उत्खनन् र अतिक्रमण हटाउन उपमहानगरले सकेको छैन।

**बेमौसमी...**

मौसम पूर्वानुमान महाशाखाले भने भन्दा फरक दिनमा पानी पर्दा इट्टा गोदाममा संचित गर्ने वतावरण नै नबनेको उद्योगीहरुको भनाइ छ।

म ु ख य त य ा यहाँका उद्योगमा माघदेखि बैशाखसम्म उत्पादन हुन्छ, त्यसका लागि मंसिरमा नै कामदार ल्याउनु पर्ने र अधिकांश कामदार जिल्ला बाहिरको हुने भएकोले समय अगावै काचो इटा बनाउनु पर्ने बाध्यता रहेको छ।

आफ्नो बलबुताले भ्याएसम्म आकाशमुनिको इट्टा सुरक्षित गर्न खोजेको, प्लास्टिकले ढाके पनि सामान्यभन्दा बढी पानी परेकोले क्षति व्योहोर्नु परेको उद्योगीहरु सुनाउँछन् ।

इट्टा उद्योगीहरु मारमा परे पनि सरकारले संरक्षण गर्नुको साटो झन दुख दिएको भन्दै व्यवसायीहरुले देशको वर्तमान आर्थिक परिवेशले इट्टाको मागमा कमी आउँदा देशभरका सम्पूर्ण उद्योगहरु संकटग्रस्त अवस्थामा रहेको बताए।

इट्टा उद्योगलाई प्रविधिसँग जोडेर परनिर्भर कोइलाको आयात घटाउनु पर्ने, इट्टाको खपत बढाउन निर्माणमा सरकारी मापदण्डलाई कडाइ गर्नुपर्ने माग छ।

रुपन्देहीमा वर्षिक १०-१२ करोड बढी इट्टाको उत्पादन क्षमता छ भने सो अनुपातमा खपत पनि छ । समग्रमा इट्टामा रुपन्देही आत्मनिर्भर भए पनि यहाँका केही इटा जिल्ला बाहिर जाने र सो संख्यामा नै विभिन्न जिल्लाबाट आउने गरेको संघले जानकारी दिएको छ।

सरकारले सबै क्षेत्रमा बैंकिङ प्रणलीबाट बिमाको व्यवस्था गरे जसरीनै इट्टा उद्योगको बिमाका लागि कार्यविधि बनाई कार्यान्वयन गर्न उद्योगीहरुको माग छ।


## आवश्यकता

**प्रथम पटक प्रकाशित मिति : २०८२/०१/०८**

यस मदरसा कादरिया अहले सुन्नत शमसुल ओलुम ओमसतिया-४ बालापुरको लागि एकजना कार्यालय सहयोगीको आवश्यकता भएकोले निम्न बमोजिमको योग्यता भएकोले दरखास्त आह्वान गरिन्छ।

- विज्ञापन नं. ०१/०८२/०८३
- पद : कार्यालय सहयोगी (पुरुष)
- योग्यता: कम्तिमा ८ कक्षा उतीर्ण गरेको ।
- विशेष ग्राहयता : उर्दु भाषामा लेखपढ गर्न सक्ने र कम्तिमा २ वर्ष अनुभव भएको ।
- नेपाली नागरिक भएको ।
- दरखास्त दिने अन्तिम मिति : २०८२/०१/०७ देखि २०८२/०१/२२ सम्म ।
- परीक्षा मिति : दरखास्त दिने अन्तिम मितिमा तोकिएको ।
- मदरसा अर्थात धार्मिक विद्यालय भएको हुँदा मुस्लिम समुदायको पुरुषलाई पहिलो प्राथमिकता दिइनेछ ।
- दरखास्त दस्तुर : रु २०००/- (दुई हजार मात्र) ।
- परीक्षाको किसिम मौखिक ।

**मदरसा कादरिया अहले सुन्नत शमसुल ओलुम**
**ओमसतिया-४ बालापुर, रुपन्देही**


गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय,**
नवलपरासी (वर्दघाट सुस्तापुर्व)
गण्डकी प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(सूचना प्रकाशित मिति २०८२/०१/०८)

यस कार्यालयबाट बिभिन्न मितिमा राष्ट्रिय दैनिकमा तथा https://bolpatra.gov.np/egp/मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सुचना वमोजिम बिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभाबग्राही भई स्कृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम(मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| १ | Shivalaya mandir dekhi thapa chow khudai ratnanagar sadak starunnati Devchuli-4, Contract ID : IDO-NAW(BSE)-W-NCB-53-2081/82 | M/S Shiva Shakti Construction, Devchuli-13, Nawalparasi | 20,68,105.24 |

कार्यालय प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय**
सडक डिभिजन बुटवल, रूपन्देही

## ठेक्का किन नतोड्ने ? सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०१/०८ गते सोमबार

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीहरूलाई यस कार्यालयबाट पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत बेवास्ता गरी हालसम्म निर्माण कार्य सम्पन्न गर्नेतर्फ कुनै तदारुकता नदेखाएको एवं निर्माण कार्य सम्पन्न नगर्ने मनाशय राखी कार्य अधुरो छाडि महिनौदेखि साइटमा कुनै क्रियाकलाप नगरी अलपत्र पारेको हुँदा ठेक्का सम्झौताको शर्त एवं प्रचलित कानुन बमोजिम ठेक्का अन्त्य किन नगर्ने ? कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा लिखित स्पष्टीकरण पेस गर्नुहुन अनुरोध गरिन्छ। अन्यथा, ठेक्का सम्झौताको G.C.C.Clause ५७.२ र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) र (८) बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन कार्यालय बाध्य हुने ब्यहोरा समेत यसै सूचनामार्फत् जानकारी गराइन्छ।

| सि.न. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १ | २१५.७०.७१ | सिसाई कोलुवा पुल निर्माण, खडवावनगाई वडा नं. ८ स्थित दानव नदीमा कोलुवादेखि सिसाई जाने सडक, रूपन्देही | मृत सन्जिवनि देव एन्ड सायर जे.भि. |
| २ | १०२.७२.७३ | कजराल खोला पुल, केरबानी मेतावर जोड्ने, रूपन्देही | मैनाचुली-सिदिसाई अन्जना जे.भि. |


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२


स्थानीय सरकार
**रामग्राम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
परासी, नवलपरासी (ब.सु.प)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

( सूचना प्रकाशित मिति २०८२/०१/०८ )

रामग्राम नगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तपसिल बमोजिमको कार्य गर्नु पर्ने भएकाले विभिन्न मितिमा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आव्हान गरिएकोमा सूचना अनुसार रीतपुर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको न्यूनतम मुल्याङ्कित फर्महरु सारभूत रुपमा प्रभावग्राहीदेखि स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थ सात दिनका लागि आशयपत्र जारी गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत सोही व्यहोरा जानकारी गराउन सकिने व्यवस्था भए बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.न | ठेक्का नं. | कामको विवरण | फर्मको नामतथा स्थान | कबोल रकम भ्याट र पि.एस. बाहेक |
|---|---|---|---|---|
| 1 | RAM /EB/081/082/15 | Hakuidekhi Naudihawa sadak staronnati, Ramgram 16 | Pawan Construction and Suppliers, Ramgram 03 | Rs. 14,97,003.50 |
| 2 | RAM /EB/081/082/16 | Manmohan Smirti Bhawan ma Sabha Hall nirman, Ramgram 03 | Sumi Construction, Parsa 05, Sarlahi | Rs. 27,11,677.50 |
| 3 | RAM /EB/081/082/22 | Covered Hall Nirman, Ramgram 01 | Himalayan Multi Builders, Sarawal 02, Nawalparasi | Rs. 17,24,732.50 |

प्रमुख प्रशासकीय अधिकृत

# जितगढी उत्सव















# सरकार अलोकतान्त्रिक : राप्रपा

बुटवल। राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको आकस्मिक बैठकले पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनसहित नेताहरुलाई सिंहदरबार परिसर भित्रैबाट गिरफ्तार गरिनु आपत्तिजनक र दुर्भाग्यपूर्ण भएको बैठकले ठहर गरेको छ।

नेताहरु पक्राउपछि बसेको आकस्मिक बैठकले सरकारको रवैया अलोकतान्त्रिक, सर्वसत्तावादी र विपक्षी आवाजलाई निस्तेज पार्ने निरंकुश चरित्र भएको निष्कर्ष निकालेको प्रवक्ता मोहन श्रेष्ठले बताए।

सरकारको रवैयाले स्वतन्त्रतापूर्वक हिंड्डुल गर्न पाउने, राजनीतिक गतिविधि गर्न पाउने र अभिव्यक्ति स्वतन्त्रताको संविधान प्रदत्त अधिकार कुण्ठित भएको उनले बताए।

उनले थपे-'संविधान प्रदत्त अधिकारको उपभोग गर्ने क्रममा बाधा अवरोध गरिन्छ भने राप्रपाले आगामी दिनमा थप सशक्त ढंगबाट विरोध र प्रतिवाद गर्नेछ। त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सरकार स्वयं हुनुपर्नेछ।'

राप्रपा राजसंस्था र हिन्दु राष्ट्रको पुनःस्थापना, संघीयताको खारेजीलगायतका राजनीतिक, सामाजिक र जनजीविकाका विविध मुद्दाका पक्षमा अझ दृढ रुपमा अघि बढ्ने बैठकले निष्कर्ष निकालेको छ।

चैत १५ गतेको तीनकुने घटनाको न्यायिक छानविन हुनुपर्ने र बन्दी बनाइएका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री डा.धवल शमसेर राणालगायत सबै, नेता, कार्यकर्ताहरुको रिहाइको राप्रपाले माग गरेको छ।

अध्यक्ष लिङ्देनसहित वरिष्ठ नेता उपाध्यक्ष बुद्धिमान तामाङ्ग र प्रवक्ता ज्ञानेन्द्र शाही, राष्ट्रिय युवा मोर्चाका अध्यक्ष कैलाश कटुवाल, उपाध्यक्ष सरोज क्षेत्री, राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित उत्थान संगठनका अध्यक्ष अमर आर्य पक्राउ परेको ४ घण्टापछि रिहा भएका छन्। रिहाइ भएलगतै सञ्चारकर्मीहरुसँग कुरा गर्दै लिङदेनले गत चैत १५ गते तीनकुनेमा भएको प्रदर्शनका क्रममा पक्राउ परेका पार्टीका नेताहरु रिहा नभएसम्म पार्टीले निरन्तर आन्दोलन गर्ने बताए।

'रिहाइ नभएसम्म निरन्तर आन्दोलनमा रहन्छौँ।'-उनले भने।

# यातायात कार्यालयद्वारा नौ महिनामा २३ करोड बढी राजस्व संकलन

नवलपरासी। यातायात व्यवस्था कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)ले चालु आर्थिक वर्षको नौ महिनामा रु २३ करोड ५४ लाख ३० हजार ९८० राजस्व सङ्कलन गरेको छ। चालु आवको साउनदेखि चैत मसान्तसम्म सवारीसाधन कर, चालक अनुमतिपत्र, सवारी दर्तालगायत विभिन्न शीर्षकमा सो राजस्व सङ्कलन भएको कार्यालय प्रमुख सुरेश जैसवालले बताए।

"यो अवधिमा सवारीसाधन कर सङ्कलनबापत रु १९ करोड १२ लाख ३६ हजार ८२०, सवारी चालक अनुमतिपत्र एवं सवारी दर्ता किताबबापत रु चार करोड नौ लाख ५४ हजार ६५५, यातायात क्षेत्रको आम्दानी राजस्व शीर्षकमा रु २३ लाख ५८ हजार ४६० र अन्य प्रशासनिक सेवा शुल्कबापत आठ लाख ७५ हजार ६०० राजस्व सङ्कलन भएको छ।"-उनले भने।

यातायात व्यवस्था कार्यालयले कर सङ्कलनलाई व्यवस्थित र प्रभावकारी बनाउन चैतमा विशेष अभियान नै सञ्चालन गरेको कार्यालय प्रमुख जैसवालले बताए। यो अभियानअन्तर्गत बिलबुक नवीकरण, जाँचपास, रुट परमिट तथा सवारी चालक अनुमतिपत्रको जाँचलाई विशेष प्राथमिकता दिइएको थियो। अभियानको सकारात्मक प्रभावका रूपमा चैतमा मात्र रु चार करोड ८० लाख २५ हजार ६२५ राजस्व सङ्कलन भएको उनले जनाए।

"प्रदेश सरकारले राजस्व वृद्धि गर्ने लक्ष्यसहित कर सङ्कलन प्रक्रियालाई चुस्तदुरुस्त बनाउन विशेष योजना अघि बढाएको थियो, सोहीअनुसार राजस्व सङ्कलन पनि वृद्धि भयो",

उनले भने-"यातायात सेवालाई नियमित र पारदर्शी बनाउँदै कर सङ्कलनका लागि विभिन्न अभियान सञ्चालन गर्ने गरेका छौँ।"

सेवाग्राहीलाई सहज सेवा प्रदान गर्न यातायात कार्यालयले विशेष व्यवस्था गरेको सूचना अधिकारी टेकनारायण तिवारीले बताए। कर तिर्न आउने सेवाग्राहीको भीडलाई व्यवस्थित गर्न अतिरिक्त कर्मचारी खटाइएको उनले जनकारी दिए।

"सेवा लिने क्रम छिटो होस् भन्ने उद्देश्यले छुट्टै काउन्टरको व्यवस्था गरिएको छ", उनले भने-"कर तिर्दा आवश्यक पर्ने कागजात तथा अन्य जानकारी सहजै उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।" गत आव २०८०/०८१ मा यातायात व्यवस्था कार्यालयले रु ३० करोड ३५ लाख ५३ हजार ९५३ सङ्कलन गरेको थियो।

**नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना**

नयाँ वर्ष २०८२ सालको पावन अवसरमा
ग्राहकवर्ग एवम् शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ
तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**प्रो. श्री गणेश ज्वेलर्स परिवार**
मिलनचोक, भैरहवा,रुपन्देही

**नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना**

नयाँ वर्ष २०८२ सालको पावन अवसरमा
कर्मचारी, शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ
तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**गोदार इन्जिनियरिङ्ग परिवार**
अञ्चलपुर, भैरहवा,रुपन्देही

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

KKJ **न्यू कुमकुम ज्वेलर्स**
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

**डढेलोबाट वनजंगल बचाऔं, पर्यावरण जोगाऔं**

- घाँस दाउरा गर्न वनजंगलमा जाँदा चुरोट, बिडी नखाऔं,
- वनभोजपछि चुल्होको आगो राम्ररी निभाऔं।
- खेतबारी बस्ती, खरबारी र खर्कमा आगो नलगाऔं।
- मानव बस्ती वरिपरि अग्नि नियन्त्रण रेखा बनाऔं।
- स्थानीय प्रशासन, वन, स्थानीय तह, प्रहरी कार्यालय, रेडक्रस लगायत अन्य संघ-संस्थाको सम्पर्क नम्बर सुरक्षित राखौं।
- वनमा डढेलो लागेको देख्ने बित्तिकै नजिकैको प्रहरी, वन कार्यालय, स्थानीय तहलाई खबर गरौं।

**नेपाल सरकार विज्ञापन बोर्ड**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com